जि.प्र.का.का.द.नं. ३२०-०५७/०५८

मानवअधिकार एलाइन्स
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
Human Rights Alliance
National Alliance for Human Rights and Social Justice, Nepal

# प्रेस विज्ञप्ति

काठमाडौं, २०६९ अशोज २१ गते

गत शुक्रबार सरकारले मानवअधिकार उल्लंघनको गम्भीर आरोप लागेका नेपाली सेनाका महासेनानी राजु बस्नेतको पदोन्नती तथा अर्जुन लामाको हत्याका आरोपी एमाओवादीका नेता अग्नी सापकोटा र सुर्यमान दोङको मुद्दा फिर्ताको विरोधमा आज विहान प्रधानमन्त्री कार्यालय बाहिर धर्ना बसेका मानवअधिकार एलाइन्सका अध्यक्ष गणेश वि.के., मानवअधिकार कर्मी सुन्दरमणी दीक्षित, एकराज भण्डारी, चरण प्रसाईलगायत अन्य नागरिक समाजका अधिकारकर्मीहरुलाई सरकारले पक्राउ गरेकोमा सरकारको उक्त अलोकतान्त्रिक कार्यप्रति मानवअधिकार एलाइन्सको गम्भीर ध्यानाकर्षण भएको छ ।

मानवअधिकार उल्लंघनका दोषीहरुलाई कानूनी कारवाही हुनुपर्नेमा झन् प्रोत्साहनस्वरुप पदोन्नती एवं मुद्दा फिर्ता गर्ने निर्णय गरेकोमा हामी मानवअधिकारको क्षेत्रमा कार्यरत संघसंस्था सरकारको यो कदमको घोर विरोध गर्दछौं ।

अन्त्यमा, लोकतान्त्रिक प्रक्रियामा शान्तिपूर्ण तरिकाले विरोध प्रदर्शन गर्न पाउने नागरिकको अधिकारमाथि राज्यले अंकुश लगाएकोप्रति हाम्रो गम्भीर असहमति छ । पक्राउ परेका व्यक्तिहरुको तुरुन्त रिहाई गर्न सरकारसंग जोडदार माग गर्दछौं ।

समीर नेपाल

महासचिव

Thapagaon, New Baneshwor, P.O.Box: 9993, Kathmandu, Nepal, Phone/Fax: 4464192,
E-mail: alliance.humanrights@gmail.com, Website: www.hrallaince.org.np